जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ अंक १३१ २०८१ साल पुस ५ गते शुक्रबार (20 Dec. 2024 Friday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : विद्यालय शिक्षा, निजामति ऐन र... ३ पृष्ठमा : देश र जनतालाई केन्द्रमा.. ३ पृष्ठमा : गाजामा युद्धविराम हुनेमा...

# छोरीको हत्या र छोरा वेपत्ता पार्नेहरुमाथी कारवाहीको माग गर्दा चन्द्रदेवीलाई ज्यान मार्ने धम्की

**दैनिक समाचारदाता**
**राजविराज, ४ पुस ।**

सप्तरीको डाक्नेश्वरी नगरपालिका वडा नं. १ कविलासाकी ५५ वर्षिया चन्द्रदेवी साहले छोरीको हत्या र छोरा वेपत्ता पार्नेहरुमाथी कारवाहीको माग गर्दा ज्यान मार्ने धम्की आएको बताएकी छिन् ।।

बिहीबार सदरमुकाम राजविराज आइपुगेकी उनले पत्रकार सम्मेलनको आयोजना गरि तीन वर्षअघि हत्या भएको १९ वर्षिया छोरी सन्तोषी र सोही समयदेखी वेपत्ता भएका १७ वर्षिय छोरा आशिषलाई वेपत्ता गराउनेहरुमाथी कारवाहीको माग गरेपछि सो धम्की आउन थालेको जानकारी गराइन् ।



विपक्षि आरोपीका आफन्तबाट आफूलाई ज्यान मार्ने धम्की आउन थालेको दुखेसो पोख्दै उनले गाउँमा बस्न असुरक्षित भएकोले गाउँमै सुरक्षित साथ बस्ने वातावरणका लागि पहल गरिदिन सबैसँग सहयोगको याचना समेत गरिन् ।

पत्रकार सम्मेलनमा चन्द्रदेवीले भनिन्-पक्राउ परेका साह र अन्य फरार प्रतिवादीका आफन्तबाट दिनहुँ जसो मुद्दा फिर्ता नलिए ज्यानै लिने धम्की आउन थालेको छ । प्रतिवादी आफन्तहरु खेतमा, बजारमा र घरमा जहाँ पनि पुगेर मुद्दा फिर्ता नलिए, "तेरो अवस्था पनि छोरी सन्तोषी र छोरा आशिष जस्तै पारिदिन्छु" भन्दै धम्क्याउन थालेको उनले सुनाइन् ।

यसबारे इलाका प्रहरी कार्यालय कल्याणपुरमा पनि बिहीबार नै पुगेर प्रहरी अधिकारीहरुलाई जानकारी गराएको उनले बताइन् । कतैबाट सहयोग नपाए आफू गाउँ छोड्न बाध्य हुने उनको कथन छ ।

तीन वर्ष पुरानो घटनाका आरोपी मध्येका एक सोही वडाका धिरेन्द्र कुमार साहलाई १३ दिनअघि प्रहरीले पक्राउ गरिसकेको छ । पक्राउ परेका साह यही मंसिर १६ गते सम्पन्न उपनिर्वाचनमा जसपा नेपालबाट उम्मेदवार भई वडा अध्यक्ष पदमा निर्वाचित भएका थिए । पदभार ग्रहण गर्न नपाउँदै गत मंसिर २१ गते पक्राउ परेका थिए । साहलाई सप्तरी जिल्ला अदालतबाट १०/१० दिन गरि दुई पल्ट म्याद थप गरि अनुसन्धान भइरहेको भनाई छ ।

*बाँकी दुई पृष्ठमा*

# जनमतको अगुवाई कृषि औजारसहित मलखाद माग्दै किसान उत्रे सडकमा




**दैनिक समाचारदाता**
**राजविराज, ४ पुस ।**

जनमत पार्टीको अगुवाईमा सप्तरीका किसानहरु कृषि औजारसहित सडक उत्रेका छन ।

जनमत पार्टी संसदीय दलका नेता समेत रहेका प्रदेश सांसद महेश प्रसाद यादव उपस्थितिमा बिहीवार जनमत पार्टी सप्तरीको अगुवाईमा किसानहरु राजबिराजको सडकमा उत्रेका हुन ।

मलको चरम अभाव खेप्दै आएका किसानहरुले खेतीपातीको समयमा पनि मलखाद्य नपाउँदा समस्या भएको भन्दै पटक/पटक सम्बन्धित निकायमा लिखित र मौखिक रुपमा ध्यानाकर्षण गराउँदा पनि कुनै सुनवाई नभएकाले बाध्य भई सडक संघर्षमा उत्रनु परेको प्रदेश सांसद यादवले बताए ।

स्थानीय राजरंगशालाबाट गोरुगाडा, हलो, मलको खाली बोरा लगायत सरसमानसहित हजारौको संख्यामा निस्केको किसानहरुको जुलुश "मलखाद्यको व्यवस्था गर, किसानको समस्या समाधान गर, कालोबजारी बन्द गर, पर्याप्त मल किन वा किन्न देऊ, कालोबजारी गर्नेहरुलाई कारावाही गर" लगायतका नारा लगाउदै बजार क्षेत्र परिक्रमा गरेको थियो ।

बजार परिक्रमा पश्चात शहिद दशन चौकमा जनमत पार्टीका जिल्ला इन्चार्ज रामगमन साहको अध्यक्षतामा आयोजित बिरोध सभामा प्रदेश सांसद महेश प्रसाद यादव, हनुमाननगर कंकालिनी नगरपालिका मेयर बिरेन्द्र

*बाँकी दुई पृष्ठमा*

# कर्णालीलाई हराउँदै जनकपुर फाइनलमा प्रवेश

**दैनिक समाचारदाता**
**काठमाडौं, ४ पुस ।**

कर्णाली याक्सलाई दुई विकेटले पराजित गर्दै जनकपुर बोल्ट्स नेपाल प्रिमियर लिग (एनपिएल) क्रिकेट प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ ।

कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा आज भएको दोस्रो क्वालिफायर खेलमा कर्णालीले दिएको एक सय १९ रनको लक्ष्य पछ्याएको जनकपुरले १९ ओभरमा आठ विकेट गुमाएर पूरा गरेको हो ।

जनकपुरले उपाधिका लागि सुदूरपश्चिम रोएल्ससँग यही पुस ६ गत प्रतिस्पर्धा गर्नेछ । बुधबार भएको पहिलो क्वालिफायर खेलमा सुदूरपश्चिमले जनकपुरलाई पराजित गर्दै फाइनलमा पुगेको थियो ।

जनकपुरको यो जितमा जिमी निशमले १७ बल खेल्दै दुई चौका र पाँच छक्काको मद्दतमा सर्वाधिक ४५ रन बनाए । शेर मल्लले अविजित १६ रन जोडे । हर्ष ठाकरले १७, मयन यादवले १५ र आकाश त्रिपाठीले १३ रन बनाएका हुन् ।

बलिङतर्फ कर्णाली याक्सका विपिनप्रसाद शर्माले तीन विकेट लिए भने सोमपाल कामी, विलियम बोसिस्टो र जिसन मक्सुदले समान एक/एक विकेट लिए ।

त्यसअघि टस हारेर पहिला ब्याटिङ गरेको कर्णाली याक्सले निर्धारित २० ओभरमा नौ विकेट गुमाउँदै एक सय १८ रनको योगफल बनाएको थियो । कर्णालीका लागि गुलशन झाले २० बलमा एक चौका र दुई छक्काको मद्दतमा सर्वाधिक २५ रन बनाएका हुन् ।

त्यस्तै ओपनर देव खनालले २० बलमा तीन चौका र एक छक्काको सहयोगमा २४ रन जोडे भने विलियम बोसिस्टोले १५ बलमा एक चौकाको सहयोगमा १४ रन बनाए । जिशान मक्दुई चौकाको सहयोगमा १२ रन जोड्दा १७ बल खेलेका उनिस ठकुरीले दुई चौका प्रहार गर्दै १२ रन बनाएका थिए । त्यसबाहेक अन्य खेलाडीले दोहोरो अङ्कमा रन बटुल्न सकेनन् ।

कप्तान सोमपाल कामी पाँच रनमा आउट भए भने जयकिशन कोल्सावालाले एक रन बनाएका थिए । जनकपुरका लागि जेम्स निशम, मोहम्मद मोहसिन र ललितनारायण राजवंशीले समान दुई/दुई विकेट र हर्ष ठाकर र शेर मल्लले समान एक/एक विकेट लिएका थिए ।

# आगलागीमा परी १० लाख बढीको क्षति

**दैनिक समाचारदाता**
**महोत्तरी, ४ पुस ।**

विद्युत् सट भई आगलागी हुँदा यहाँको औरही नगरपालिका-१ स्थित औरहीबजारमा १० लाख बढीको धनमाल जलेर नष्ट भएको प्रहरीले जनाएको छ ।

फूलोदेवी मण्डल र खुर्शिद लहेरीको शृङ्गार सामग्री पसलमा बुधबार राति विद्युत्

*बाँकी तीन पृष्ठमा*

**प्लाष्टिकको प्रयोग नगरौं, वातावरण स्वस्थ राखौं**

➢प्लाष्टिक चारसय वर्षसम्म कुहिदैन,

➢यसले जमिन तथा जल प्रदुषण गर्दछ,

➢प्लाष्टिकका भाँडामा तातो खाद्य पदार्थ खाँदा क्यान्सर जस्तो घातक रोग लाग्न सक्दछ,

➢प्लाष्टिक जलाउदा वायुमण्डल प्रदुषित हुन्छ,

➢खोलानाला वा समुद्रमा प्लाष्टिक परे पानी प्रदुषित हुन्छ,

त्यसैले प्लाष्टिकको सट्टा कागज र कपडाले बनेका झोला प्रयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### इजाजत दिइएका संस्थाहरुको अनुगमन फितलो

स्थानीय तहहरुले इजाजत दिएका विभिन्न संघ संस्थाहरुको अनुगमन गर्न नसक्दा विकृती बढ्दै गएको छ । स्थलगत अनुगमन र निरिक्षण नै नगरि दिइने इजाजतले गर्दा अहिले विकृती बढ्दै गएको हो । स्थानीय तहहरुले शिक्षा, स्वास्थ्य तथा सहकारी संस्थालाई संचालनका लागि इजाजत दिने गरेको छ । ती संस्थाहरुको अनुगमन तथा निरिक्षण गर्ने अधिकार पनि स्थानीय तहलाई नै छ । हुन त स्थानिय तहरुलाई यस्ता कार्यालयमाथी निगरानी गर्न सजिलो हुने दृष्टिकोणले जिम्मेवारी दिइएको हो । तर, अहिले उक्त अधिकारको निकै दुरुपयोग भएको पाइएको छ । जसले गर्दा विकृती पनि उत्तिकै बढेर गएको छ ।

स्थानिय तहमा इजाजत दिन सम्बन्धीत विषयको विज्ञ हुनु आवश्यक छ । तर, अधिकांश पालिकामा यसको व्यवस्था गरेको देखिदैन् । अनुगमन, भौतिक निर्माण तथा अन्य कागजातहरुको अध्ययन बिना दिइएको इजाजतका कारण त्यस्ता संस्थाले साख जोगाउन सकिरहेका छैनन् । विद्यालयको भौतिक संरचना नहुनु, शैक्षिक वातावरण समेत नरहेको, दक्ष शिक्षक नहुनु तर विद्यार्थीको मासिक शुल्क भने बढी हुने हुँदा पनि स्थानिय तहले निगरानी गर्न नसक्नु विडम्बना हो ।

हचुवाको तालमा दिइएको त्यस्ता इजाजतका कारण जताभावी तरिकाले खुल्दै गरेका ती संस्थाहरुबाट भविष्यमा ठूलो दुर्घटना निम्त्याउन सक्छ । तसर्थ कुनै पनि संघ संस्थालाई इजाजत दिनु पूर्व अनुगमन र निरिक्षण आवश्यक रहेकोले त्यस्ता कार्यप्रति स्थानीय तहहरु जिम्मेवार हुनु अति आवश्यक छ ।

# विद्यालय शिक्षा, निजामति ऐन र प्रहरी समायोजन विधेयक शीघ्र जारी गर्नुपर्ने

ललितपुर, ४ पुस (रासस) ।

सभामुख देवराज घिमिरेले विद्यालय शिक्षा, निजामति ऐन र प्रहरी समायोजन विधेयक शीघ्र जारी गर्ने पक्षमा संसद् रहेको बताउनुभएको छ ।

नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान र गैरसरकारी संस्था गभर्नेन्स ल्याबले 'प्रादेशिक एवं स्थानीय शासन सबलीकरण तथा समावेशी आर्थिक विकास' विषयमा आज यहाँ संयुक्त रूपमा अयोजना गरेको गोष्ठीमा उहाँले ती विधेयक सङ्घीय शासन प्रणालीको सफल कार्यान्वयनका निम्ति अपरिहार्य छन् भन्नुभयो ।

सभामुख घिमिरेले सङ्घीयता प्रारम्भ भएसँगै तीन तहका सरकारको कार्यक्षेत्र संविधानले तोकेको, राजनीतिक, प्रशासनिक तथा आर्थिक अधिकारहरूको बाँडफाँट भए अनुरूप तीन वटै तहले नीति निर्माण तथा तिनको कार्यान्वयन गर्दै मुलुकको दिगो विकासका साझा उद्देश्य प्राप्तिमा काम गरिरहेका बताउनुभयो ।

सङ्घीयतासँग सम्बन्धित कानुनको प्रभावकारी कार्यान्वयनमा जोड दिँदै उहाँले संविधान कार्यान्वयनको एक दशक पुग्न लागेको सन्दर्भमा संविधान पुनरावलोकनको आवश्यकताबारे विचार-विमर्श हुनु स्वभाविक भएको टिप्पणी गर्नुभयो ।

सभामुखले संविधानलाई जीवन्त र समय-सान्दर्भिक बनाइराख्न संवैधानिक र कानुनी प्रावधानबारे छलफल गर्न आवश्यक भएको विचार व्यक्त गर्नुभयो । "सबै क्षेत्र, लिङ्ग, भाषा, धर्म, संस्कृति, अल्पसङ्ख्यक, समुदायहरूलाई सम्बोधन हुनेगरी विकास तथा सेवा प्रवाहको ढाँचा निर्माणदेखि कार्यान्वयनमा ध्यान दिनुपर्छ", उहाँले भन्नुभयो ।

मुख्यसचिव एकनाराण अर्यालले मुलुकको सार्वजनिक प्रशासनमा सुशासन कायम गर्न सरकारले लिएको 'सुखी नेपाली समृद्ध नेपाल' को लक्ष्य प्राप्तिका लागि सबै मिलेर सकारात्मक पक्षलाई अवलम्बन गर्दै जानुपर्नेमा जोड दिनुभयो । उहाँले सङ्घीय सरकारले ल्याउने आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा संविधानको मर्म अनुरुप निजी क्षेत्रलाई समेटेर सहकार्य गर्नेगरी व्यवस्था गर्नुपर्ने विचार राख्नुभयो ।

नेपाल उद्योग वाणिज्य महासङ्घका वरिष्ठ उपाध्यक्ष अन्जनकुमार श्रेष्ठले संविधान बनाउँदा लिइएका खुला बजार र तीन खम्बे नीतिका विषयमा छलफल गर्नुपर्ने बताउनुभयो । उहाँले वर्तमान समयमा निजी क्षेत्रलाई पनि समेटेर आर्थिक समृद्धि हासिल हुने किसिमका नीति निर्माण गरी कार्यान्वयन गर्नुपर्नेमा जोड दिनुभयो ।

नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानका अध्यक्ष डा राजन खनालले सरकारले गर्ने काममा विभिन्न प्राज्ञिक संस्थाहरू र अध्ययन अनुसन्धानमा क्रियाशील संस्थाहरूबीच छलफलको माध्यमबाट प्रशासनिक सुधार र सुशासन प्रवर्द्धनमा सहयोग पुऱ्याउने उद्देश्यले गोष्ठी आयोजना गरिएको बताउनुभयो । आजदेखि सुरु भएको गोष्ठी शुक्रबार समापन गरिनेछ ।

### छोरीको हत्या र...

साहमाथी अपहरण तथा शरीरबन्धक, जबरजस्तीकरणी, कर्तव्य ज्यान लगायतका मुद्दामा अनुसन्धान भइरहेको प्रहरी उपरिक्षक ढकेन्द्र खतिवडाको भनाई छ ।

२०७९ साल साउन १७ गते भएको सन्तोषीको अपहरण तथा शरीर बन्धक, जबरजस्तीकरणी, कर्तव्य ज्यान लगायतका अपराध गरेको साहसहित अन्य केही व्यक्ति माथी आरोप छ । अन्य आरोपीहरुको खोजिकार्य भइरहेको प्रहरीको भनाई छ ।

### जनमतको अगुवाई ...

माझी, बलान विहुल गाउँपालिकाका अध्यक्ष खेमचन्द्र यादव लगायतले वर्षेनी उत्पन्न हुने मलखाद्य अभावको समस्याको स्थायी समाधान नखोजिए आन्दोलनको आँधीबेरी सिर्जना गर्ने चेतावनी दिएका थिए ।

सप्तरीमा कुल ७० हजार हेक्टर खेती योग्य जग्गा छ । तर मलखादको अभावमा आधी जग्गामा पनि खेतीपाती गर्न कठिन भएको किसानहरुको गुनासो छ ।

मलखाद वितरण गर्ने काम साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेड र कृषि सामग्री कम्पनीले गर्ने गरे पनि ती दुवै निकायमा अहिले माग अनुसारको मलखाद नहुदा समस्या भएको हो । मलखाद विनाको खेतीले उत्पादन राम्रो दिन्न, प्रर्दशनमा सहभागी किसान विजुली सरदारले भने- बर्षेनी रसायनिक मलको प्रयोग गरेको खेतलाई त्यही मल नै चाहिन्छ, तर बजारमा चरम अभाव छ ।"

सरकारले यसको स्थायी समाधान खोज्न नसकेकोमा आक्रोशित बनेका किसानहरुले अविलम्ब मलखाद्यको व्यवस्था गर्न माग गरेका छन् ।

# वैदेशिक रोजगारीमा जानेहरूको स्वास्थ्य परीक्षण कार्य सुधारका लागि प्रतिवेदनमाथि छलफल

काठमाडौं, ४ पुस (रासस) ।

वैदेशिक रोजगारीमा जाने कामदारको स्वास्थ्य परीक्षण कार्य सुधारका लागि गठित अध्ययन कार्यदलको प्रतिवेदनमाथि छलफल गरिएको छ ।

बुधबार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा आयोजित कार्यक्रममा प्रतिवेदनमाथि छलफल गरिएको हो । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अतिरिक्त सचिव डा दीपेन्द्ररमण सिंहको अध्यक्षतामा गठन गरिएको कार्यदलले सरकारलाई विभिन्न बुँदामा सुझाव दिएको छ ।

कार्यदलले स्वास्थ्य परीक्षण, स्वास्थ्य परीक्षण प्रक्रियालाई विश्वसनीय, सरल, सहज र पहुँचयोग्य बनाउने तथा स्वास्थ्य संस्थालाई 'डिजिटलाइट' गर्ने विषयमा सुझाव दिएको हो ।

यस्ते, उपकरणको गुणस्तर तथा शुद्धता वृद्धि, नसर्ने रोग र पेसागत स्वास्थ्य, श्रमिकको स्वास्थ्य समस्यालाई वर्गीकरण गरी 'क्लस्टरिङ' गर्ने, मानसिक स्वास्थ्य, मनोसामाजिक परामर्श र स्वास्थ्य साक्षरतालाई स्वास्थ्य परीक्षणको प्रक्रियासँग जोड्ने विषयमा सुझाव दिइएको त्यस अवसरमा जानकारी दिइयो ।

कार्यदलले गन्तव्य मुलुकको कूटनीतिक नियोग र दूतावासले खेल्नुपर्ने भूमिका, नीति तथा कानुनी व्यवस्थामा गर्नुपर्ने संशोधन र सङ्घीय संरचनामा स्वास्थ्य परीक्षणको कामलाई व्यवस्था गर्नेलगायत सम्बन्धमा बुँदासहित सरकारलाई सुझाव दिएको छ ।

बाँकी तीन पृष्ठमा


**राजविराज नगरपालिका**

**७ नं. वडा कार्यालय**

राजविराज, सप्तरी
प्रदेश नं. २, नेपाल

पत्र संख्या:-२०८१/०८२
च.नं. ४६९

मिति:-२०८१/०९/०४

**राजविराज नगरपालिका**

**०७ न वडा कार्यालयबाट जारी भएको ३५ दिने सुचना**

जिल्ला ससरी राजविराज नगरपालिका वडा नं ०७ बस्ने स्व. गुणनिधि देवकोटाको नाती तुला प्रसाद देवकोटा र ठगी देवी देवकोटाको छोरा विनोद प्रसाद शर्माको मिति २०७७/०७/०५ गते आफ्नै कालगतीले स्वर्गवास भएको हुनाले मृतक का हक खाने दुई छोरा मात्र जेठो छोरा विनय देवकोटा र कान्छो छोरा पुष्पराज देवकोटाले तपसिलका जग्गाहरु नामसारी दर्ता गर्न सिफारिस गरी भनी मिति २०८१।०९।०४ गते मा दं. नं. ४९७ मा निवेदन दिएको हुँदा सो जग्गामा निवेदक बाहेक अरु कोही कसैको हक दाबी भए यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आ-आफ्नो सबुत प्रमाण सहित लिई यस वडा कार्यालयमा उजूरी दिन आउनु होला अन्यथा स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम भै जाने ब्यहोरा जानकारी गराईन्छ ।

तपसिल

स्व. विनोद प्रसाद शर्मा को नाउँमा दर्ता कायम रहेको जग्गाहरु

| सि.न | जिल्ला | गा.बि.स./न.पा. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सप्तरी | राजविराज | ०६ | २४३६ | ०-०-७.२५ | |
| २ | सप्तरी | राजविराज | ०६ | २४३९ | ०-१-९ | |

सुभाष चन्द्र यादव
वडा अध्यक्ष



**डा. ललन प्रसाद रौनियार**

**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

**डा. सरोज कुमार साह**

**Dr. Saroj Kumar Sah**

MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288

हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

**डा. जयन्ती यादव**

**Dr. Jayanti Yadav**

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312

बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# देश र जनतालाई केन्द्रमा राखेर सञ्चारकर्मीले काम गर्नुपर्ने

विराटनगर, ४ पुस (रासस)।

कोशी प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री रेवतीरमण भण्डारीले देश र जनतालाई केन्द्रमा राखेर सञ्चारकर्मीले काम गर्नुपर्नेमा जोड दिनुभएको छ।

कोशी प्रदेश सरकार, आन्तरिक मामिला तथा कानुन मन्त्रालयसँगको सहकार्यमा राष्ट्रिय समाचार समिति( रासस)ले आफ्ना स्थानीय समाचारदाताको क्षमता अभिवृद्धि गर्न यहाँ आयोजना गरेको तालिमको आज समापन गर्दै उहाँले राज्यबाट भएका विकास-निर्माणका गतिविधिका साथै सेवा प्रवाहका बारेमा सकारात्मक सूचनालाई पहिलो प्राथमिकतामा राखेर सञ्चारकर्मीले काम गर्नुपर्नेमा जोड दिनुभयो।

तथ्यहीन समाचारले आमनागरिकमा निराशा पैदा गरेकाले त्यसलाई चिर्नु सञ्चारकर्मीहरुको दायित्व हो भन्दै दी मन्त्री भण्डारीले देश र जनताका पक्षमा पत्रकारले सशक्त ढङ्गले कलम चलाउनुपर्ने बताउनुभयो।

"सङ्घीयता कार्यान्वयनमा आएपछि भएका विकास र परिवर्तनका विषयलाई सही ढङ्गले जनसमक्ष प्रस्तुत नहुँदा नागरिक निराश हुँदै गएका छन्। यहाँ आशावादी कुराभन्दा निराशावादी कुरा गर्दै हिँड्नेहरु धेरै छन् जसले गर्दा समाजमा भ्रम फैलिएको छ, यसलाई चिर्नु पत्रकारको दायित्व हो। पत्रकारले राजनीतिकर्मीलाई रचनात्मक आलोचनाका माध्यमबाट खबरदारी गर्नुपर्छ, सङ्घीयता सेतोहात्ती होइन भन्ने कुरा प्रष्ट पार्दिनुस्।" मन्त्री भण्डारीले भन्नुभयो।

राससका कार्यकारी अध्यक्ष धर्मेन्द्र झाले सङ्घीयता कार्यान्वयनमा आएपछि गति लिएका विकास-निर्माणका कार्यलाई केन्द्रमा राखेर कलम चलाउन समाचारदाताहरुलाई निर्देशन दिनुभयो। मुलुक सङ्घीय संरचनामा गइसकेपछि सञ्चालनमा आएका विकास-निर्माणका विशाल परियोजनाहरुले गति लिए पनि जनता लाभान्वित हुने ती आयोजनाबारे सञ्चारकर्मीले पर्याप्त मात्रामा समाचार एवं विश्लेषण नलेखेका बताउनुभयो।

विकास पत्रकारिताका माध्यमबाट नागरिकमा व्याप्त निराशालाई आशामा परिणत गर्न सकिने भएकाले त्यसबाट सञ्चारकर्मी चुक्न नहुनेमा कार्यकारी अध्यक्ष झाले जोड दिनुभयो।

राससका महाप्रबन्धक सिद्धराज राईले सहभागी पत्रकारलाई विकास पत्रकारिता गर्न सुझाव दिनुभयो। पत्रकारप्रति नागरिकको विश्वास बढी हुने भएकाले जिम्मेवार भएर कलम चलाउन आग्रह गर्नुभयो।

रासस सञ्चालक समिति सदस्य शङ्कर खरेलले प्रशिक्षणमा सिकेका सीप व्यवहारमा उतार्नुपर्ने बताउनुभयो।

मुख्यमन्त्री हिक्कमतकुमार कार्कीका प्रेस सल्लाहकार विक्रम लुइँटेलले सङ्घीयतालाई सबल बनाउन पत्रकारको भूमिका महत्वपूर्ण हुन्छ भन्नुभयो।

नेपाल पत्रकार महासङ्घ मोरङ शाखाका अध्यक्ष सुशीला पाठकले पत्रकारले पठन संस्कृतिको विकास गर्न जरुरी रहेको बताउनुभयो।

प्रशिक्षार्थीका तर्फबाट रासस इलाम संवाददाता राम योङ्हाङले तालिममा सिकेका सैद्धान्तिक सीपलाई व्यवहारमा उतार्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

अर्का प्रशिक्षार्थी मोरङ संवाददाता गोपाल काफ्लेले तालिमबाट समाचार पहिल्याउने ज्ञान बढेको बताउनुभयो।

रासस कोशी प्रदेश प्रमुख मोहम्मद सदरुलले व्यावसायिक रुपमा समाचार सम्प्रेषण गर्न तालिम उपयोगी भएको विश्वास व्यक्त गर्नुभयो तालिममा कोशी प्रदेशका सबै जल्लाका रासस संवाददाताहरुको सहभागिता थियो।

## *आगलागीमा ...*

सट भई आगलागी भएको थियो।

इलाका प्रहरी कार्यालय गौशालाका अनुसार मण्डलको काठको कठघरा र लहेरीको कच्ची इँटाको पसल घरमा आगलागी भएको हो। गत मङ्सिरमा बर्दिबास-१४ स्थित इलेक्ट्रिक पसलमा आगलागी हुँदा एक करोड बढीको धनमाल क्षति भएको थियो।

## *वैदेशिक रोजगारीमा ...*

कार्यक्रममा मन्त्रालयका सचिव मुकुन्दप्रसाद निरौलाले कार्यदलले दिएका सुझावलाई तत्काल र दीर्घकालीन गरी दुई खण्डमा छुट्याएर कार्यान्वयन गर्ने प्रतिबद्धता जनाउनुभयो। उहाँले वैदेशिक रोजगारीमा जाने कामदारको स्वास्थ्य परीक्षणमा भएका विकृतिलाई समाधान गरिने बताउनुभयो।

कार्यदलका अध्यक्ष अतिरिक्त सचिव डा सिंहले स्वास्थ्य संस्थाको अनुगमन, विदेशबाट फर्किएका नागरिक तथा वैदेशिक रोजगार बोर्ड, वैदेशिक रोजगार बिभाग र राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान लगायतसँग समूहगत छलफल गरी प्रतिवेदन तयार गरिएको बताउनुभयो।

सरकारले गत भदौ १३ गते डा सिंहको अध्यक्षतामा कार्यदल गठन गरेको थियो। कार्यदलमा विभिन्न क्षेत्रका विशेषज्ञ गरी ३० जना रहेका थिए।

# 'सरुवा र बढुवामा हुने मनपरि रोक्ने ऐन बनाऔं'

काठमाडौँ, ४ पुस (रासस)।

प्रतिनिधिसभाका सदस्यहरुले निजामती कर्मचारीको मनपरि रुपमा हुने सरुवा र बढुवा रोक्ने स्पष्ट रुपमा ऐनमा व्यवस्था हुनुपर्ने सुझाव दिएका छन्।

प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिको बिहीबारको बैठकमा सांसदहरुले सिंहदरबारमा 'अत्तिरिक्त समूह' र कायम मुकायम 'कामु' मा कर्मचारी राख्नेलाई कारबाही गर्नुपर्ने सुझाव दिए।

संघीय निजामती सेवाको गठन, सञ्चान र सेवा सर्तका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथिको छलफलमा संशोधनकर्ता सांसदहरुले कर्मचारीको सङ्घीय राजधानी, सिंहदरबारभित्रै एक मन्त्रालयबाट अर्को मन्त्रालय र

***बाँकी अन्तिम पृष्ठमा***


नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
**भूमि सुधार तथा मालपोत कार्यालय ससरी**
**राजविराज**

मिति :-२०८१/०९/०३

**विषयः- ३५ दिने हकदावी सम्वन्धी सार्वजनिक सुचना ।**

यसमा यसमा जिल्ला ससरी गा.वि.स. राजविराज बाड नं. २ हाल राजविराज न.पा. बडा नं. १ बस्ने तेतर चौधरीको बुहारी सुरेश चौधरीको पत्नी जानकी देवी चौधरीको यस कार्यालयमा द.नं. ३०६७ मिति २०८१/०५/१६ गतेमा माग निवेदन बमोजिम जिल्ला ससरी गा.वि.स. चनौरा पडरीया बाड नं. २ कि.नं. १०४/७५१ ज.वि. ०-२-१०, ऐ.ऐ. कि.नं. १०४/७५४ ज.वि. ०-३-१५.५, ऐ.ऐ. कि.नं. २७५/७४४ ज.वि. ०-२-०, ऐ. वार्ड नं. १क कि.नं. २२६/५३७ ज.वि. ०-१-१०, ऐ.ऐ. कि.नं. २२६/५३९ ज.वि. ०-४-०, ऐ.ऐ. कि.नं. २२६/५४१ ज.वि. ०-५-० को मोठ श्रेष्ता फेला नपरेको भनि मोठ भिडी आएकोले उक्त जग्गाको श्रेष्ता कायम गरी दा.खा. नामसारी गर्न हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गर्न मिति २०८१/०८/२० मा आदेश भए बमोजिम यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गरिएको छ । तपसिलमा उल्लेखित जग्गा निवेदकहरु बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा श्रेष्ता कायम नामसारी गर्दा कसैको हक जानेछ वा अन्य कुनै व्यक्ति विशेष वा नेपाल सरकार, सार्वजनिक, सामुदायिक, ढगर, बाटो, ऐलानी , प्रति, गोचर, समसानघाट, पैनी, पौवा, पोखरीको डिल, पोखरी, पानीघाट, पार्क, हाट,मेला लाग्ने ठाँउ वा सरकारी जग्गा भए/नभएको सम्बन्धमा यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा सप्रमाण सहित यस कार्यालयमा आई उजुरी गर्नुहोला । म्यादभित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकहरुको माग दावी बमोजिम श्रेष्ता कायम नामसारी गर्ने तर्फ कानून बमोजिम कारवाही भै जानेछ । यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

तपसिल:-

| गा.बि.स. | बडा नं. | कि.नं. | क्षेत्रफल | साबिक दर्ताबाला | कैफियत |
|---|---|---|---|---|---|
| चनौरा पडरीया | २ | १०४/७५१ | ०-२-१० | जानकी देवी चौधरी | यो जग्गाको मोठ श्रेष्ता खोज तलास गर्दा फेला नपरेको जग्गा धनी प्रमाण पुर्जाको प्रतिलिपी पेश भएको, प्लट रजिष्टर उत्तार पेश भएको, स.जि.अ को मिलापत्र पेश भएको। |
| | २ | १०४/७५४ | ०-३-१५.५ | | |
| | २ | २७५/७४४ | ०-२-० | | |
| | १क | २२६/५३७ | ०-१-१० | | |
| | १क | २२६/५३९ | ०-४-० | | |
| | १क | २२६/५४१ | ०-५-० | | |


## विश्व समाचार

### गाजामा युद्धविराम हुनेमा अमेरिकी विदेशमन्त्री ब्लिन्केन 'आशावादी'

न्यूयोर्क, ४ पुस (रासस/एएफपी)।

अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनले गाजामा इजरायल र हमासबीच युद्धविराम हुनेमा आफू आशावादी रहेको बताउनुभएको छ। विदेशमन्त्री ब्लिन्केनले प्यालेस्टिनी भूमिमा १४ महिनादेखि जारी क्रूर युद्ध अन्त्य गर्ने आफ्नो सरकारको पटक-पटक प्रयास विफल भएको भन्दै युद्धविरामले गमजामा स्थायी शान्तिको वातावरण बनाउनेमा भने उहाँ विश्वस्त देखिनुभएन।

जनवरी २० मा कार्यकाल पूरा हुने ब्लिन्केनले भन्नुभयो, "हेर्नु, म आशावादी छु। तपाई पनि हुन पर्छ।" उहाँले भन्नुभयो, "हामीले जिम्मेवारीबाट बिदा लिनुअघि युद्धविरामका लागि प्रत्येक हप्ताको हरेक दिनको पलपल प्रयोग गर्नेछौं।" वैदेशिक सम्बन्ध परिषद्को बैठकमा उहाँले भन्नुभयो, "हामीले युद्धविरामको सम्भावना के हो भनेर अनुमान लगाउनु गलत हुनेछ।"

उहाँले युद्धविराम सम्झौताअन्तर्गत केही बन्धकहरूलाई मुक्त गरिएको तर्फ सङ्केत गर्दै भन्नुभयो, "युद्ध विराम हुनुपर्छ। यो हुन आवश्यक छ। हामीले बन्धकलाई घर फर्काउनु आवश्यक छ।" युद्ध सुरु भएयता मध्यपूर्वको १२औं भ्रमणका क्रममा गत हप्ता गरेको मूल्याङ्कन दोहोऱ्याउँदै हमासले आफ्नो संरक्षक इरानलाई भएको क्षतिका कारण थप लचकता देखाएको ब्लिन्केनले बताउनुभयो। ब्लिन्केनले गाजामा दीर्घकालीन उपस्थितिको समर्थन गर्ने इजरायली नेतृत्वको भनाइलाई अस्वीकार गर्दै युद्धको अन्त्य इजरायलको हितमा छ र युद्धपछि सम्झौता हुनु आवश्यक छ भन्ने आफ्नो अडान दोहोऱ्याउनुभयो।

अमेरिकाका नवनिर्वाचित राष्ट्रपति डोनाल्ड ट्रम्पले इजरायललाई निरन्तर समर्थन गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ। सन् २०२३ को अक्टोबर ७ मा इजरायलमाथि हमासले गरेको अभूतपूर्व आक्रमणका कारण एक हजार २०८ जनाको मृत्यु भएको थियो, जसमध्ये अधिकांश सर्वसाधारण थिए। हमास आक्रमणको बदलामा गाजामा इजरायलले गरेको जवाफी कारबाहीमा कम्तीमा ४५ हजार ९७ जनाको मृत्यु भएको छ, जसमध्ये अधिकांश सर्वसाधारण रहेको संयुक्त राष्ट्रसङ्घले पुष्टि गरेको प्यालेष्टिनी स्वास्थ्य मन्त्रालयको तथ्याङ्कले देखाएको छ।

राष्ट्रसङ्घको तथ्याङ्कअनुसार इजरायली आक्रमणबाट गाजास्थित प्यालेस्टिनी इलाकाको अधिकांश भाग भग्नावशेषमा परिणत भएको छ, जसका कारण १९ लाखभन्दा बढी प्यालेस्टिनीहरू विस्थापित भएका छन्। यो गाजाको कूल जनसङ्ख्याको करिब ९० प्रतिशत हो।

### अफगानिस्तानमा दुई छुट्टाछुट्टै बस दुर्घटनामा कम्तीमा ५२ जनाको मृत्यु

अफगानिस्तान, ४ पुस (रासस/एएफपी)।

अफगानिस्तानको मध्य भागमा रहेको राजमार्गमा इन्धन ट्याङ्कर र ट्रक एक आपसमा ठोक्किँदा ५२ जनाको मृत्यु हुनुका साथै ६५ जना घाइते भएका तालिबान सरकारका प्रवक्ताले बिहीबार बताएका छन्। राजधानी काबुल र दक्षिणी कान्दाहार शहरको बीचमा रहेको गजनी प्रान्तमा बुधबार राति भएको दुर्घटनामा प्रान्तीय सूचना तथा संस्कृति प्रमुख हमिदुल्लाह निसारले एक्समा बताउनुभयो।

"काबुल-कान्दाहार राजमार्गमा दुई छुट्टाछुट्टै स्थानमा सवारी दुर्घटना भएको र घटनामा ५२ जनाको मृत्यु भएको छ भने ६५ जना घाइते भएका छन्," सरकारका मुख्य प्रवक्ता जबीहुल्लाह मुजाहिदले भन्नुभयो। मध्य गजनीको शाहबाज गाउँ नजिकै एउटा बस इन्धन ट्याङ्करसँग ठक्कर खाँदा दुर्घटना भएको थियो भने अर्को बस पूर्वी जिल्ला अन्दरमा एउटा ट्रकसँग ठोक्किएको निसारले बताउनुभयो।

उद्धार टोली घटनास्थलमा पुगेको र घाइतेलाई अस्पताल पुऱ्याएको र केहीको अवस्था गम्भीर रहेको उहाँले बताउनुभयो। दशकौं लामो द्वन्द्व खेपेको अफगानिस्तानमा कमजोर सडक, राजमार्गमा तीव्र गति गुड्ने सवारी साधन र नियमनको अभावका कारण अफगानिस्तानमा सवारी दुर्घटना हुने गरेको छ।

गत मार्चमा दक्षिणी हेल्मान्ड प्रान्तमा एउटा बस र इन्धन ट्याङ्कर ठोक्किँदा २० जनाभन्दा बढीको मृत्यु भएको थियो भने ३८ जना घाइते भएका थिए। सन् २०२२ को डिसेम्बरमा अफगानिस्तानको उचाइमा रहेको सलाङ पासमा इन्धन ट्याङ्कर पल्टिएर आगलागी हुँदा ३१ जनाको मृत्यु हुनुका साथै दर्जनौं मानिस जलेर घाइते भएका थिए।

### काश्मिरमा विद्रोहीसँग भारतीय सेनाको भिडन्त, पाँचको मृत्यु

श्रीनगर, ४ पुस (रासस/एएफपी)।

भारतीय सुरक्षा बलले बिहीबार काश्मिरमा जारी झडपमा कम्तीमा पाँच जना संदिग्ध बन्दुकधारीको हत्या गरेको भारतीय सेनाले जनाएको छ। सन् १९४७ मा ब्रिटिस शासनको अन्त्यमा विभाजन भएदेखि नै काश्मिर आणविक शक्ति सम्पन्न प्रतिद्वन्द्वी भारत र पाकिस्तानबीच विभाजित छ र दुवै देशले यस क्षेत्रमा पूर्ण रूपमा दाबी गर्दै आएका छन्।

भारतीय सेनाको चिनार कोरले कारबाहीमा पाँच 'आतङ्कारी'को सुरक्षा बलको गोली लागी मृत्यु भएको र दुई जना सैनिक घाइते भएको जनाएको छ। सुदूर उत्तरी क्षेत्रमा ५० लाख भारतीय सेना तैनाथ छन्, जुन ३५ वर्ष लामो विद्रोहसँग लडिरहेको छ जसमा दशौं हजार नागरिक, सैनिक र विद्रोहीमारिएका छन्। उक्त षेत्रमा यो वर्ष पनि कम्तीमा १२० जना मारिएका छन्।

विद्रोही समूहहरूले काश्मिर क्षेत्रको स्वतन्त्रताको माग गर्छन् वा यस क्षेत्रलाई पाकिस्तानमा गाभ्न चाहन्छन्। नयाँ दिल्लीले पाकिस्तानलाई नियमित रूपमा लडाकूहरूलाई हतियार प्रदान गरेको र उनीहरूलाई आक्रमण गर्न मद्दत गरेको आरोप लगाउँदै आएको छ। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी नेतृत्वकोसरकारले सन् २०१९ मा उक्त क्षेत्रको आंशिक स्वायत्तता खारेज गर्दै यस क्षेत्रलाई आफ्नो प्रत्यक्ष शासनअन्तर्गत ल्याएको थियो। करिब एक करोड २० लाख जनसङ्ख्या रहेको यस क्षेत्रमा नयाँ दिल्लीले नियुक्त गरेका गभर्नरको नेतृत्वमा प्रशासनिक काम हुने गरेको छ।

# एक दर्जन नेपाली भारतमा सम्मानित



**दैनिक समाचारदाता**
**राजविराज, ४ पुस ।**

नेपालमा मानव अधिकार तथा महिला सशक्तीकरण लगायतका क्षेत्रमा उल्लेख्यनीय काम गरेबापत एक दर्जन नेपाली भारतमा सम्मानित भएका छन । सम्मानित हुनेहरुमा पूर्व सांसददेखि वर्तमान मेयरसम्म छन ।

भारतको राजधानी दिल्लीमा ७५ औं अन्तराष्ट्रिय मानव अधिकार दिबसको अबसर पारेर ह्युमन राईट प्रोटक्सन फोरमले एक कार्यक्रमको आयोजना गरी मानव अधिकार, महिला सशक्तीकरण तथा समाजिक न्याय लगायतका क्षेत्रमा योगदान गरेबापत १२ जना नेपालीलाई सम्मान गरेको हो ।

सम्मानित हुनेहरुमा मधेश प्रदेशका निर्वतमान साँसद नेत्रविक्रम साह, जनकपुर उपमहानगरपालिकाका मेयर मनोज साह, तराई मधेश महिला फाउन्डेसन नेपालकी अध्यक्ष सुनिता साह "क्रान्ति", डा उपेन्द्र साह, अनवर अली, प्रमोद शर्मा छन ।

यस्तै बालकिसुन साह, शिव नारायण मेहता, मिश्रीलाल मधुकर, सुनिता कलवार, उमा कुमारी साह र शोभा साह पनि सम्मानित भएका छन ।

कार्यक्रमका प्रमुख अतिथी ह्युमन राईट प्रोटेक्सन फोरम आसामका अध्यक्ष महानन्द सरकार दत्तले उनीहरुलाई "मानव अधिकार इन्टरनेशनल अवार्ड"बाट सम्मानित गरेका छन ।

सो अवसरमा ह्युमन राईट प्रोटेक्सन फोरमका राष्ट्रिय कार्यकारी अध्यक्ष डा.काशीराम पैठाणेको विशेष उपस्थिती रहेको थियो । भारतीय ह्युमन राईट प्रोटेक्सन फोरमले विगत २ दशक देखी मानव अधिकार, महिला सशक्तीकरण तथा समाजिक न्यायका लागी योगदान पुऱ्याउनेहरुलाई पुरस्कृत गर्दै आईरहेको छ ।

# रेल्वे संचालनमा आएसँगै नेपाल भारत सीमावर्ती क्षेत्रका सर्वसाधारणहरु लाभान्वित

**दैनिक समाचारदाता**
**जनकपुर, ४ पुस ।**

कुर्था-जनकपुर-जयनगर रेल्वे सञ्चालनमा आएसँगै जनकपुर र नेपाल भारत सीमावर्ती क्षेत्रका सर्वसाधारणहरु लाभान्वित भएका छन् ।

रेल विभागले २०१९ मा ८४ करोड ६५ लाख रुपैयाँमा भारतको सरकारी कम्पनी कोंकन रेल्वे कर्पोरेसनसँग रेल किनेको थियो । पाँचवटा डिब्बासहितका एउटा रेलमा एकैपटक १२ देखि १३ सय यात्रुले यात्रा गर्न सक्छन् ।

डिजेल ईलेक्टिक मल्टिपल युनिट डिजेल र विद्युत दुवैबाट चल्ने डीपीसी १९०१ र डीपीसी १९०२ नम्बरको दुवै रेल १६ सय हर्स पावरका छन् ।

## *'सरुवा र बढुवामा ...*

आसपासकै कार्यालयमा सरुवा हुने तर दुर्गममा जान नमान्ने प्रवृत्ति अन्त्य गर्नुपर्ने सुझाव दिए । कतिपय निजामती कर्मचारीको एक बर्षको अवधि पूरा नहुँदै सरुवा भइरहने र त्यसको असर कार्यसम्पादनमा पर्ने गरेको उहाँहरुको भनाइ छ ।

संशोधनकर्ता सांसद मीना तामाङले निजामती कर्मचारी व्यवस्थापनबारे भन्नुभयो, "तीन तीन महिनाभित्र सरुवा भइरहेको छ । कुन मन्त्रालयमा कुन सचिव कार्यरत हुनुहुन्छ, चिन्न गाह्रो छ", उहाँले भन्नुभयो, "सबै तहका कर्मचारी कम्तीमा एक ठाउँमा एक वर्ष बस्नैपर्ने व्यवस्था गरौं ।"

सांसद रामकुमार राईले दुर्गम क्षेत्रमा जाँदै नजाने कर्मचारीलाई बाध्यात्मक टिप्पणी खुलाई अनिवार्य जानुपर्ने व्यवस्थाको माग गर्नुभयो । अर्का संशोधनकर्ता सुशीला श्रेष्ठले निजामती कर्मचारीको सबै तहमा महिलाको सहभागिताका लागि संशोधन प्रस्तुत गर्दै सरुवा र बढुवा व्यवस्थित बनाउन माग गर्नुभयो ।

"मन्त्री परिवर्तन हुने वित्तिकै कर्मचारी सरुवा र बढुवाको चलखेल सुरु हुनु भएन । काम गर्ने वातावरण दिने ऐन बन्नुपर्छ", उहाँले भन्नुभयो ।

छलफलमा संशोधनकर्ता अमरेशकुमार सिंहले काजमा काम गर्ने व्यवस्था हटाउन सुझाव दिनुभयो । "सरकार 'इ गर्भनेन्स' को अभ्यासमा छ । काठमाडौं कर्मचारी आइरहनुपर्दैन । काजमा काम गर्ने व्यवस्था बन्द गरौं", उहाँले भन्नुभयो, "काम गर्ने दिनको ९० दिन नबस्नेलाई कारबाही गरौं ।" उहाँले कर्मचारीको सेवा निवृत्तिको एक वर्षअघिसम्म बढुवा नगर्न सुझाव दिनुभयो ।

समितिले विधेयकलाई सङ्घीय संसद्को आगामी अधिवेशनबाट पारित गर्ने अठोटका साथ संशोधनकर्ता सदस्यहरुसँग दफावार छलफल अघि बढाएको छ । समितिको अर्को बैठक आइतबार बस्ने तय भएको छ ।

# क्यान्सरविरुद्धको 'एचपिभी' खोप ल्याइयो

काठमाडौं, ४ पुस (रासस) ।

'एचपिभी' खोप लागि ग्लोबल एलायन्स (गाभी)को सहयोगमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले पाठेघरको मुखको क्यान्सरविरुद्ध लगाइने 'ह्युमन पापिलोमा भाइरस' (एचपिभी) खोप ल्याएको छ ।

स्वास्थ्य सेवा विभागको आपूर्ति व्यवस्थापन महाशाखाका निर्देशक डा पवनजङ्ग रायमाझीले चार लाख ६० हजार नौ सय ४० मात्रा खोप आएको बताउनुभयो । ती खोपलाई अहिले टेकुस्थित भण्डारण कक्षमा राखिएको र विस्तारै प्रदेशमा पठाइने जानकारी दिनुभयो ।

'एचपिभी' खोप लागि ग्लोबल एलायन्स' (गाभी)को सहयोगमा नेपाल आइपुगेको हो । सरकारले किशोरीलाई सानै उमेरबाट नै क्यान्सरबाट जोगाउन आगामी माघ २३ गतेबाट खोप अभियान सञ्चालन गर्न थालेको छ । पन्धदिने अभियानअन्तर्गत कक्षा ६ देखि १० सम्म र विद्यालय बाहिर रहेका १० देखि १४ वर्ष उमेर समूहका १६ लाख ८८ हजार नौ सय किशोरी खोप लगाइने बालस्वास्थ्य तथा खोप शाखाका प्रमुख डा. अभियान गौतमले जानकारी दिनुभयो । उहाँका अनुसार १७ लाख ७० हजार मात्र गाभीले नेपाललाई उपलब्ध गराउने छ ।

हरेक वर्ष पाठेघरको मुखको क्यान्सरबाट चार जना महिलाको मृत्यु हुने गरेको जनाइएको छ । पाठेघरको मुखको क्यान्सरको जोखिम बढाउने मुख्य कारण ह्युमनपापिलोमा भाइरस सङ्क्रमण रहेकोले त्यसको विरुद्ध खोप लगाउनुपर्ने हुन्छ । ह्युमनपापिलोमा भाइरस सङ्क्रमण कलिलो उमेरमा विवाह गर्ने, कलिलो उमेरमै बच्चा जन्माउने, धेरै बच्चा पाउने, छोटो अन्तरालमा लगातार बच्चा पाउने र धेरै जनासँग यौन सम्बन्ध बनाउने, धेरै धूम्रपान तथा मद्यपान गर्ने र यौनाङ्गको सरसफाइमा ध्यान नदिनेले हुने गर्दछ ।

नेपालमा सबभन्दा बढी महिलामा लाग्ने क्यान्सरमध्ये पाठेघरको मुखको क्यान्सर सबभन्दा बढी देखिने र त्यसपछि स्तन क्यान्सर रहेको छ ।

# आपराधिक गतिविधिमा संलग्न जोकोहीलाई कारबाही हुन्छ : गृहमन्त्री

चितवन, ४ पुस (रासस) ।

गृहमन्त्री रमेश लेखकले देशको कानुनअनुसार सबैमाथि समान रूपमा व्यवहार गरिने दोहोऱ्याउँदै आपराधिक गतिविधिमा संलग्न जोकोहीलाई कारबाही गर्न सरकार प्रतिबद्ध रहेको बताउनुभएको छ ।

आज यहाँ पत्रकारहरुसँग कुराकानी गर्दै उहाँले सहकारी ठगीका सबै आरोपितलाई कानुनको दायरमा ल्याइने बताउनुभयो । सहकारी ठग्नेहरुउपर निष्पक्षतापूर्वक छानबिन गरिने तथा दोषीमाथि कारबाही उहाँले हुने बताउनुभयो ।

सहकारी ठगीमा कास्की प्रहरी हिरासतमा रहनुभएका राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेको फोटो सामाजिक सञ्जलामा 'पोष्ट' गर्नेलाई कारबाही गर्न निर्देशन दिएको उहाँले बताउनुभयो । हिरासतको संवेदनशीलता तथा सुरक्षा कमजोरीमा संग्लन प्रहरीमाथि पनि कारबाही गर्न निर्देशन दिएको उहाँले जानकारी दिनुभयो ।

फरक प्रसङ्गमा गृहमन्त्री लेखकले वर्तमान सरकार परिवर्तन नहुने र मन्त्री पनि हेरफेर नहुने बताउनुभयो । वर्तमान समीकरण २०८४ सालसम्म रहने बताउनुभयो ।


## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

**अनुरोधकर्ता**
**राजगढ गाउँपालिका, सप्तरी**



## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

**अनुरोधकर्ता**


**रुपनी गाउँपालिका, सप्तरी**



**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर,
**मुद्रण :** न्यू नवीन प्रेस, राजबिराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*